# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 22 No 6 | Monthly International Edition of Herald of His Coming | June 2021

वर्ष २२, अङ्क ६ | हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन | (असार, २०७८)

# आचरणको विशेष नियमहरू
## Special Rules of Conduct

**By JC Ryle (1816 -1900)**

March/April Issue 2021

आजको दिनसम्म पनि म बढ्दै छु । यतिबेला मेरा युवा अवस्थाका दिनहरूलाई मैले सम्झना गर्दछु । त्यतिबेला मैले गरेका गलत निर्णयहरू, मेरा भावनाहरू, मेरा आशाहरू, प्रलोभनहरू मेरो अगाडि छर्लङ्गै छन् । यी चिजहरूले एक जवान व्यक्तिका जीवनलाई घेरेर आएका हुन्छन् । यदि मैले युवाहरूलाई आफ्नो जीवन सही तरिकाले राख्नको लागी केही व्यावहारिक कुराहरू भन्न चाहन्छु भन्न  यसले उसलाई गल्ती गर्न र पाप गर्न देखी जोगाउन सक्छ त्यसैले उसलाई सही बाटोमा हिँडाएकोले म परमेश्वरमा धन्यवादी हुन सक्छु ।

यहाँ तल आचरणको कोही खास नियमहरू छन् जुन म सबै युवाहरूलाई कडाईका साथ अनुसरण गर्न सल्लाह दिन्छु:

१. आफैलाई भित्रबाट नियाल्नुहोस र आफ्नै हृदय जाँच्नुहोस् कि तपाई त्यहाँ कुनै बानी देख्नुहुन्छ जुन परमेश्वरको नजरमा गलत छ भन्ने कुरा तपाईंलाई थाहा छ ? यदि छ भने त्यसलाई परिवर्तन गर्न एक क्षण पनि ढिलाई नगर्नुहोस् । त्यो कुराको समाधान गर्नुहोस र तपाईंको जीवन परिवर्तन गर्नुहोस् । ज्ञात भएको पापले अन्तस्करणलाई मार्दछ । यो पाप सानो र साधारण हुन सक्छ तर यो जीवनमा कम खतरनाक हुँदैन । एउटा सानो चुहावटले ठूलो जहाज डुब्छ, सानो आगोको झिल्कोले आगो बाल्छ त्यस्तै थोरै अनुमति पाएको पापले तपाईंको अमर आत्मालाई बिगार्नेछ । मेरो सल्लाह लिनुहोस र एउटा सानो पाप भएपनि बेवास्ता नगर्नुहोस् । ठूला र साना सबै कनानीहरूलाई मार्न इस्राएललाई आज्ञा दिइयो उही सिद्धान्तमा कार्य गर्नुहोस् । साना पापहरूमा कुनै दया नदेखाउनुहोस । श्रेष्ठगीतमा यसरी लेखिएको छ, “हाम्रा निम्ति फ्याउराहरू समातिदेऊ यी स-साना फ्याउराहरू जसले दाखबारी बिगार्छन्, भर्खरै पलाएको हाम्रो बाखबारी ।” (श्रेष्ठगीत २ : १५)

याद गर्नुहोस कुनै पनि खराब वा दुष्ट मानिस पहिले सुरुवातमा त्यति दुष्ट हुँदैन तर जब उसले आफ्नो जीवनमा थोरै अपराधको लागि ठाउँ दिन्छ तब पापले उसलाई अझ ठूलो अपराध गर्न अग्रसर गर्छ र समयको अन्तरालमा झन ठूलो कुरा उत्पन्न हुन्छ र त्यो मानिस दयनीय अवस्थामा पुग्छ । जब हजाएलले एलियाको भयानक कार्यहरू सुने तब उनीहरू छक्क परे र भने “ म त जाबो एउटा कुकुरले यस्तो ठूलो काम कसरी गर्न सकुँला ?” एलिशाले जवाफ दिए तिमी आरामका राजा हुनेछौ भनी परमप्रभुले मलाई देखाउनु भएको छ ।” (२ राजा ८ : १३) तर उसले आफ्नो हृदयमा पापको जरालाई रहन दियो र अन्तमा त्यसले त्यो सबै गर्‍यो ।

त्यसैले पापले प्रवेश गर्नुभन्दा अघि नै त्यसको प्रतिरोध गर्नुहोस् । तपाईंको विचारमा ति पापहरू सानो र तुच्छ लाग्न सक्छ तर याद गर्नुहोस् त्यसको समयमा नै प्रतिरोध गर्नुहोस् । कुनै किसिमको संझौता नगर्नुहोस् । कुनै पनि पापलाई चुपचाप बस्न नदिनुहोस् र तपाईंको हृदय अव्यवस्थित नहोस् । एउटा उखानले यसरी भन्दछ, कुकर्मीको पखेटा आमाको पखेटा भन्दा ठूलो हुँदैन । सियोको निशाना भन्दा सानो केही हुँदैन जब यसले प्वाल बनाउछ र त्यसपछि सबै धागोहरू तान्दछ । प्रेरित पावलका कुरालाई याद गर्नुहोस्, तिमीहरूको

घमण्ड ठिक होइन अलिकती खमिरले जम्मै ढिकालाई खमीर बनाइहाल्छ भन्ने के तिमीहरूलाई थाहा छैन।" (१ कोरिन्थी ५ : ६)

अहिले धेरै जसो युवाहरू पापको फन्दामा फसिरहेका हुन्छन् र उनीहरूले यी सबै भन्न पनि लाजले गर्दा डराउँछन्। जुन कुराले उनीहरूलाई विनाशको विन्दुमा पुऱ्याइरहेको हुन्छ। जब जीवनमा पाप प्रवेश गर्दछ त्यसले मार्ग दिनु हुँदैन। यसले थोरै कुरामा छुट र वेमानीको बानी सुरु गऱ्यो र ति सबै उसमा बढ्दै जान थाले। एक पछि अर्को गर्दै ऊ खराब बाट झन झन खराबतिर बढ्दै गइरहेको हुन्छ त्यो व्यक्तिले प्राप्त गर्न खोजेको वस्तुलाई हात नपारुन्जेल उ लागिरहन्छ। त्यसपछि उसले यस संसारमा आफ्नो चरित्र गुमाएको हुन्छ उसले आफ्नो ठाउँ गुमाएको हुन्छ उसले आफ्नो सम्पूर्ण कुरा गुमाएको हुन्छ अन्तमा उसले आफ्नो प्राणलाई पनि केही जस्तो ठान्दैन र त्यो पनि गुमाउन पुग्छ। त्यसैले प्रिय पाठक वर्ग म यो भन्न चाहान्छु कि हाम्रो जीवनलाई पापले आफूतिर खिच्न खोज्दा सुरुमै यसलाई अलग गरौ नत्र यसले हाम्रो जीवनलाई सिध्याएर मात्र हामीलाई छोडिदिन्छ। कृपा गरी यो कुरालाई राम्रोसँग ध्यानमा राखेर हाम्रा दैनिक जीवनलाई अगाडि बढाउँदै जाऔं।

त्यसकारण प्रिय वर्ग यसलाई हामीले हलुका प्रकारले आफ्नो जीवनमा नस्वीकारौ विशेष गरी सत्य र इमान्दारीको मामिलालाई संझना गर्नुहोस्। तपाईंको दिमागलाई धेरै फराकिलो बनाउनुहोस्। येशूले भन्नुभयो, "जो थोरै कुरालाई इमान्दार हुन्छ त्यो धेरैमा पनि इमान्दार हुन्छ।" (लूका १६ : १०) संसारमा धेरै पापहरू छन् ठूला ठूला घरहरूको जग बनाउँदा सानो ठाउँमा सुरु भएको हुन्छ। पहिला कुने ढुङ्गा अति नै महत्वपूर्ण हुन्छ। त्यसैले हाम्रो जीवन धेरै लामो समय अगाडि बढ्नु छ हामीले सुरु गरेको कार्य कुनै ढुङ्गा जस्तै महत्वको होस्। संसारमा एउटा दन्तकथा छ रुखले बञ्चरो लाई भन्यो कि मलाई अब सानो नसा बाँकि राखिदिनुस्। तब उसले बुझ्यौ अब यो आफै ढल्छ तर त्यो त्यसैबाट बढेर फेरी ठूलो भयो। त्यस्तै दुष्टले पनि तपाईंको हृदयमा "मलाई सानो ठाउँ दिनुसन म केही गर्दिन।" जब उसले ठाउँ पाउँदछ अब उ उसको हृदयमा विस्तारै जरा हाल्न सुरु गर्छ र त्यो पापको रुख उसको जीवनमा फैलिन थाल्छ र तपाईंको जीवनलाई खतम बनाइदिन्छ। त्यसैले प्रिय मित्रहरू हामीले यो सानो टुक्रा पाप त होनी यसले के गर्न सक्छ र भनेर कहिल्यै पनि नसोचौं यसले संसारलाई खतम बनाउँदछ भने तपाईं र मेरो जीवन त के हो र ? उहाँ अशिम परमेश्वर हुनुहुन्छ।

मण्डलीमा माथीबाट तल खस्ने दुई तरिकाहरू छन् पहिलो उफ्रेर तल झर्नु अर्को विस्तारै पाइला सार्दै तल झर्नू। तर दुवैले तपाईंलाई तल झरिन्छ। त्यस्तै नरकमा जाने दुई तरिका छन् - एउटा तपाईंका आँखा संसार तिर लगाउनु र कसै कसैले यो गर्दछन् र अर्को चाही साना पापहरूलाई चरण दिनु हो। यी वाटाहरू देख्दा सज्है नै साधारण देखिन्छ र त्यसले छिट्टै विकराल रूप लिन्छ। अन्य जातिहरूले समेत भन्न सक्छन केवल एक जनाको पापले गर्दा बाइबल अध्ययनमा संतुष्टि लिने व्यक्तिलाई पनि टाढा, पुऱ्याउँदछ र नियमित रूपमा झन झन खराब बन्दै जान्छ, त्यसले वेठिक रूप लिदै जान्छ। एक जना जेरेमी टेलरले पापको वारेमा यसरी व्याख्या गर्दछन्। जब मानिसको जीवनमा पाप प्रवेश गर्दछ त्यसले पहिले उसलाई चकित पार्दछ, त्यसपछि त्यो मनमोहक हुन्छ। त्यसपछि सजिलो हुन्छ, त्यसपछि रमाइलो हुन्छ त्यसपछि बारम्बार गर्न मन लाग्छ, त्यसपछि बानी बसाल्छ, त्यसपछि पक्का हुन्छ त्यसपछि अब त्यो मानिस अमेघ हुन्छ, त्यसपछि अवरोध खडा हुन्छ, त्यसपछि समाधान हुन्छ उसले कहिल्यै पश्चाताप गर्दैन त्यस पछि ऊ अन्त्यमा दण्डित हुन्छ र उसको सम्पूर्ण जीवन समाप्त हुन्छ।

प्रिय जवानहरू यदि तपाईंहरू यसमा आउन सक्नुहुन्न भने मैले दिएका नियमहरूका संझना गर्नुहोस् एक पटकमा थाहा पाएका पापहरूलाई तोड्ने प्रयास गर्नुहोस्।

**(१) सबै अवसरहरूमा पापबाट टाढा रहनुहोस् -**

यो भनाइ विशापको उत्कृष्ट भनाई हो। जो दुष्ककार्यहरूबाट सुरक्षीत रहन्छ, उसले व्यापक रूपमा अवसरहरूलाई त्याग्नुपर्छ। हामीले सावधानी पूर्वक सबै दृष्टिकोणबाट पापबाट अलग रहनु पर्छ। विभिन्न किसिमका पापको परिक्षा आउने समयमा हामीले विभिन्न पुस्तकहरूमा पढ्ने आफन्तहरूलाई भेटघाट गर्ने,सामाजिक कार्यमा संलग्न भएर लाग्ने प्रयास गर्नुपर्छ। हामीले यसमा केही पनि गलत हैन भनेर चित्त बुझाउनु हुँदैन। मलाई पाप गर्न वाध्य बनाउने केही चिज छ त्यसलाई मैले त्याग्नु पर्छ र म त्योबाट टाढा रहनु पर्छ भनेर सोच्नुपर्छ।

एउटा कुरा याद राख्नुहोस कि मानिसको अल्छिपनबाट पनि हामी जोगिनु पर्छ। केही नगरे र वस्दा म मा दुष्ट प्रवेश गर्न पाउँदैन भनेर ढुक्क पनि नहुनुहोस अल्छि पनले पनि हामीलाई

नकरात्मक तिर लैजान्छ। जसले विभिन्न अवसर हरू प्रदान गर्दछ जहाँ पाप लुकि बसेको हुन्छ। विभिन्न किसिमका नकारात्मक सोचाई र कल्पनाले हामीलाई खराब काम गर्न बाध्य यस्तो प्रविधिसँग हामी डराउनुपर्छ। येशूले भको घरमा छन् दाउदले दुष्टलाई मौका नदिएको भए उनले वेतरोकवाल कहिल्यै देखेका थिएनन् न त अरियाहको हत्या नै गर्थे होला। यो सबै दुष्टलाई मौका दिदा भएको परिणाम हो। सांसारिक मनोरञ्जनहरू यति धेरै आपत्ती जनक हुनुको कारण पनि यहि नै हो। आफूले गरेका गल्तीहरूलाई बाइबलीय धर्मशास्त्र अनुसार देखाउन गाह्रो हुन सक्छ तर यो गर्न सकेनौ भने यसले आत्मालाई ठूलो हानु पुऱ्याउन सक्छ। त्यसैले गलतलाई गलत हो भन्नु नै हाम्रो आत्मालाई सुरक्षीत गर्नु हो। यदि हामीले यसलाई नर्कान सकेनौ भने यसले कामुक प्रेमको विउ छर्छन् तिनीहरू विश्वासको जीवनको विरुद्धमा लड्छन् तिनीहरूले एक उत्साह पछि एक अस्वस्थकर र अप्राकृतिक लालसालाई वढवा दिन्छन्। तिनीहरूले शरिरले शरिरको अभिलाषा, आँखाको अभिलाषा र जीवनको अहंकारको सेवा गर्दछन् साथै तिनीहरूको स्वर्ग र अनन्तताको वा सदा सर्वदाको जीवनलाई मधुरो पार्दछन्। र समयका चिजहरूलाई गलत रंग दिन्छन्। तिनीहरूले निजी प्रार्थना र धर्मशास्त्र पढ्न र परमेश्वरसँग शान्त मेलमिलापको लागि विरोध गर्दछन्। ती मानिसहरू जो सधै दुष्टको विरुद्ध मा खडा नभए उसलाई आफ्नो जीवनमा परास्त नगरे उसले जीवनमा हार खानुपर्छ।

प्रिय मित्र तपाईंको आत्मालाई हानीकारक हुने सबै प्रकारका क्रियाकलाप देखी तपाईं टाढा रहनुहोस् दुष्टलाई मौका नदिहोस्। मानिसले भन्न सक्छन् तपाईं चलाख हुनुहुन्छ, विशेष हामी कहाँ छर र ? तर तिनीहरूलाई ध्यान नदिनुहोस्। शैतानले विभिन्न माध्यमद्वारा तपाईंको जीवनमा रोल खेल्न सक्छ। यो खतरनाक छ। उ आफू सुरक्षित हुने खतराको छेउमा पुग्न सक्छ तर उसलाई हामीले सुरक्षा दिनु हुँदैन उसलाई हामीले हाम्रो हृदयले छेउ दिनुहुँदैन खुबै बुद्धि पुऱ्याए र प्रलोभनमा पार्न सक्छ। त्यो प्रलोभनद्वारा उसले तपाईंको जीवनको भित्री मनुष्यत्वमा प्रवेश गर्न सक्छ। विभिन्न सहयोग गरेर देखाउन सकछ। विचार पुऱ्याउनुहोस र सोच्नुहोस्।

उसले हामीलाई यस्ता किसिमले भड्काउन सक्छ जस्तै प्रार्थनामा प्रलोभनमा नपर्न भनेर कहाँ छर ? आदि इत्यादि हामी सधै खराबबाट छुटकारा दिनुहोस्, जबसम्म तपाईं यस्तो खराब कुराबाट टाढा रहनु हुन्न युसुफपको उदाहरणलाई लिनुहोस् उनले पाप गर्न इन्कार गरेको कुरालाई हेर्नुहोस् उनले सुत्ने कुरामा मात्र होइन सँगै बस्ने कुरालाई पनि इन्कार गरेका थिए। उनले आफ्नो विवेकलाई राम्रोसँग चलाएका थिए। - उत्पत्ति ३९ : १०) सुलेमनको सल्लाह लाई मनमा राख्नुहोस् 'दुष्टको मार्गमा नपर' तर यसबाट जो गिर्नुहोस् त्यसबाट तर्केर जानुहोस्, जोगिनुहोस्, र त्यसबाट फर्कनुहोस्। "दुष्टको मार्गमा खुट्टा नहाल अथवा दुष्ट मानिसको चालमा नहिड। त्यसलाई त्यागिदै त्यसमाथि तेरो पाइला नराख त्यसबाट तर्केर आफ्नै बाटो लाग।" (हितोपदेश ४ :१४:१५) दाखमध्य पिएर नमात्तिओ "रातो दाखमध्यमा एक टक लगाएर नहेर, जब त्यो कचौरामा राख्दा फिज उठ्छ तब त्यो सहजै उधो जान्छ।" (हितोपदेश २३ : ३१) इस्राएलमा छुट्टाइएका मानिसहरूले कुनै किसिमका अगरका दाखमध्ये थिएनन् बरु अंगुर पनि तिनीहरूले त्यागे। पावलले रोमीहरूलाई भन्दछन् कि, "प्रेम निष्ककपट होस्। जुन कुरा खराब छ त्यसलाई घृणा गर जुन कुरा असल छ त्यसमा लागिरहो।" (रोमी १२ :९) यी कुराहरू गर्नु भन्दै तिमोथीलाई लेख्दछन् "यसकारण जवानीका अभिलाषाहरू त्याग, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरूका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तीको लक्ष्य राख।" २ तिमोथी २ : २२) यस्ता सावधानीहरू हामीले आफ्नो जीवनमा अपनाउनु अति नै आवश्यक छ। दीनलाई आफ्नो चरित्रको दुष्टता शेकेमीहरूको विचमा देखाउनु पऱ्यो। जसरी लुतले आफ्ना संपूर्ण असल कुराहरू सदोमलाई चुनेको कारण गुमाउनु पऱ्यो।

प्रिय मित्रहरू समयमा बुद्धिमानी हुनुहोस्। आत्माको दुष्टतालाई तपाईंमा आउन नदिनोस् सधै तपाईंले आफ्नो हितलाई सफा राख्नुहोस्। प्रलोभनलाई सफा गर्ने प्रयास गर्नुहोस् र यस पाप बाट अलग रहन मद्दत गर्दछ।

**(२)परमेश्वरको आँखा ममाथि छ भन्ने कहिल्यै नभुल्नुस्-**

अर्को कुरा परमेश्वरको आँखा म माथि छ भन्ने कहिल्यै विर्सनु हुँदैन। परमेश्वरले हरेक ठाउँमा आफ्ना आँखा लगाउनु भएको हुन्छ। चाहे त्यो अँध्यारो कोठामा होस्, चाहे कसैको घरमा होस्, चाहे कुनै काम गर्ने कम्पनीमा होस् चाहे एक्लो हुँदा वा भिडभाडमा होस् उहाँले तपाईंमाथी निग्रानी राख्नुभएको हुन्छ त्यो हामीले कहिल्यै पनि विर्सनु हुँदैन।

# राजा नजिकै हुनुहुन्छ

## The King is Near Hand

**By A.B. Simption**

संसारका घटनाहरूलाई हेर्ने हो भने अहिले हामीहरू इतिहासकै एक गम्भीर समयमा बाँचिरहेका छौँ। हामी आउने युगको संघारमा र खीष्टियन प्रबन्धको अन्तमा छौँ। यस्तो समय कहिले थिएन पनि र असाधारण अवसरहरू भएको समय हुँदा पनि हुँदैन। हामी त्यस समयमा छौँ जसलाई सबै युगले पर्खिरहेका थिए। यो पुस्ताले अरु पुस्ता र प्राणीहरूले ईर्ष्या नै गर्दछन्। उच्च बोलावट भएको यस पुस्ताले आउनेवाला राजालाई प्रतीषा गरिहेका छन्। यो पुस्ताले विश्वभरि उहाँको आगमनको घोषणा गर्न अवसर पाउँदैछ। परमेश्वरले हामीलाई त्यो समय दिनुभएको छ। जसले हामीलाई उच्च बोलावटलाई सत्य हो भनी प्रमाणित गर्नुहुन्छ।

हामी इतिहासको यस कालखण्डमा उभिएका छौँ जहाँ परमेश्वरले धनाढ्य र विद्वान्हरूलाई होइन कि नम्र र परमेश्वरको बोलावट बुझ्ने साधारण व्यक्तिलाई उहाँको काम गर्न प्रयोग गर्नुहुन्छ। धेरै मानिसहरूको बीचबाट परमेश्वरले एउटा मानिसलाई खोज्दै हुनुहुन्छ। उहाँले कमजोर र मूर्खलाई छान्दै हुनुहुन्छ। राजाको आगमनलाई गर्ने तिनीहरूसँग त्यस्तो विशेष केही पनि छैन, तिनीहरूसँग जे छैन त्यसैबाट तिनीहरूले लैजाँदैछन्।

कसैले पनि म कमजोर छु भन्नुहुँदैन। मैले गर्न सक्ने केही छैन भनी सोच्नु हुँदैन। हामीलाई चाहिने कुरा उहाँको आत्माको बप्तिस्मा हो।

हाम्रो बोलावटको उत्तरी ध्रुव भनेको उहाँको उपस्थिति नै हो। उहाँ हाम्रो नजिक हुनुहुन्छ। यसले हामीलाई सेवकाई गर्न उत्तेजित पार्दछ। हाम्रो बलिदान त उहाँको अगाडि के हो र उहाँको बलिदान महान् छ। हामी हाम्रो बोलावटलाई चिनौँ। उहाँको महान् कार्यलाई स्वीकार गरौँ। हामी उहाँको सहकर्मीजस्तै छौँ। उहाँले अरु कुरा हेर्नु हुन्न उहाँले त हाम्रो बोलावटमा हामी कत्तिको इमान्दारी छौँ त्यो हेर्नुहुन्छ। हामीलाई साथ दिन उहाँ नजिकै हुनुहुन्छ। परमेश्वरलाई धन्यवाद होस्।

# हामीलाई पवित्रआत्माको अलौकिक शक्ति चाहिन्छ

## We need the Supernatural Power of the Holy Spirit

**By Fred D. Jarvis**

Vol 77 No 3 (915)

अहिलेको समय भनेको संकटको समय हो। त्यो संकट भनेको आर्थिक संट, राजनीतिक संकट, सामाजिक संकट, भौगोलिक र शैक्षिक संकट हो। यो समय आत्मिकी कुराको बारेमा प्रश्न उठ्न सक्छ। हामी कसरी नैतिक कुराहरू सिकेर नयाँ पुस्तालाई परमेश्वरतिर फर्काउन सकिन्छ ? यो अति नै उच्च विजयको खोजी हो। यसले अनन्त जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। अहिलेका मण्डलीहरू पुरानो तरिकाबाट नयाँतिर फर्कनु पर्छ। यो मण्डली जागरुक हुने समय हो। येशू ख्रीष्ट चाँडै आउँदै हुनुहुन्छ।

यो समय परमेश्वरको खोजी गर्नु र उहाँको मुहारलाई हेर्दै उहाँको आवाजलाई सुन्ने हो। अझै परमेश्वरले हाम्रो बिचमा मानिसहरूलाई खोजिरहनुभएको छ, जसले उहाँको र मानिसको बिचमा बनेको धाँदोमा उभिनको निम्ति साथै प्रार्थना गर्नको निम्ति चलाउन सक्नुहुन्छ। (इजकिएल २२ : ३०) उहाँले आफ्नो शक्ति मानिसहरूको बिचमा खनाएर प्रयोग गर्न चाहनुहुन्छ। हामीलाई परमेश्वरबाट स्वर्गीय ज्ञान भएको मानिसको खाँचो छ। यो समयमा परमेश्वरको आधिकारिक छुवाइको खाँचो छ। हाम्रो परमेश्वर जीवित हुनुहुन्छ र उहाँ शक्तिशाली हुनुहुन्छ। हामीले परमेश्वरको आत्मिकी नियम र नैतिकता सिक्नुपर्छ। हाम्रो बिचमा परमेश्वरमा समर्पित मानिसको खाँचो छ। जसले परमेश्वरबाट लक्ष्य प्राप्त गर्ने आशा राखेको हुन्छ, त्यस्तो व्यक्तिको आवश्यकता छ र परमेश्वरको चाहना पनि त्यस्तै हो। परमेश्वरले र संसारले यस्तो प्रकारको मानिसहरू खोजिरहेको छ। त्यसैले हामीले उहाँको अलौकिक शक्ति प्राप्त गरेर उहाँको महिमाको निम्ति काम गर्नु पर्छ।

यहाँ कुनै किसिमको छोटकरीमा वा आत्मिकी कुराको सम्झौता हुन सक्दैन। उहाँमा हामी नम्र भएर प्रार्थना गर्दै, हाम्रा पापहरू स्वीकार गर्दै, पवित्र आत्मामा भरपुर भएर प्रार्थना गर्नुपर्छ (२ कोरिन्थि ७ को १४ मा भने जस्तै) हाम्रो प्रार्थना उहाँले सुन्नुहुन्छ।

# हराएका प्रियजनहरूको लागि बाइबलीय प्रार्थनाहरू
## Biblical Prayers for Lost Loved Ones

**By Kim Butts**

March/April Issue 2021

कतिपटक हाम्रो आफ्नै परिवारलाई, साथीहरूलाई, सहकर्मीहरूलाई हेर्दा धेरै लामो समयदेखि प्रार्थना गर्दा पनि उनीहरूले परमेश्वरलाई घृणा गरेको देख्दा हामी कति प्रार्थना गर्ने भनेर थाक्दछौँ, हरेस खान्छौँ । त्यसैले यो सानो लेखमा हामी परमेश्वरलाई नचिनेकाहरूलाई कसरी थाक्तै नथाकी प्रार्थना गर्ने भन्ने बारेमा केही कुराहरू बाँड्न चाहन्छु । जत्ति गर्दा पनि भएन भने हामीले प्रार्थना गर्नै छाडिदिन्छौँ यो स्वाभाविक नै हो । हामीले प्रेम गरेका मानिसहरूलाई हामीले सम्बोधन गर्छौं, वास्तवमा त्यत्तिकैमा पर्याप्त हुँदैन । कतिपटक उनीहरूलाई परमेश्वरको सन्देश बाँड्छौँ त्यो पनि पर्याप्त छैन । वास्तवमा भन्ने हो भने मुक्ति मानिसहरूको निम्ति एक आत्मिक लडाईं नै हो । परमेश्वरले त्यो लडाईंमा लड्नको लागि हामीलाई हातहतियारहरू दिनु भएको छ । ती हतियारहरूलाई ठीक प्रकारले प्रयोग गरेर हामी परमेश्वरको मार्गमा अरूहरूलाई ल्याउन सकिन्छ । ती परमेश्वरबाट हराएकाहरूलाई उहाँको राज्यमा ल्याउने हाम्रो जिम्मेवारी नै हो ।

परमेश्वरलाई नचिनेका व्यक्तिको लागि प्रार्थना गर्नको लागि नौ वटा बाइबलीय तरिकाहरू यहाँहरूको बीचमा बाँड्न चाहन्छु ।

**(१)उनीहरूको मुक्ति सम्भव छ भन्ने विश्वास गर्नुहोस्:**

"धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा त बरु सियोको नाथ्रीबाट ऊँटलाई छिर्न सजिलो हुन्छ । तिनीहरू ज्यादै अचम्मित भए, र उहाँलाई भने, "त्यसो भए को बाँच्न सक्छ ?" येशूले तिनीहरूलाई हेरेर भन्नुभयो, "मानिसहरूका निम्ति त यो असम्भव छ, तर परमेश्वरको लागि छैन, किनकि परमेश्वरको निम्ति सबै कुरा सम्भव हुन्छ । (मर्कूस १०; २५ - २७)

प्रार्थना : प्रभु, म विश्वास गर्दछु - "मुक्ति सम्भव छ"

**(२) उनीहरूको लागि दैनिक अन्तर्बिन्ती गर्नुहोस्- हार नमान्नुहोस् :**

"सर्वप्रथम म आग्रह गर्दछु, कि सबै मानिसहरूका निम्ति नम्र निवेदन, प्रार्थना र मध्यस्थ बिन्ति र धन्यवाद चढाइउन्, राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हर प्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौँ । हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ । सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ ।" (१ तिमोथी २ : १- ४)

प्रार्थना : प्रभु, म तपाईंको सिंहासनमा यी मानिसहरूलाई ल्याउँछु, स्वर्गले दिनदिनै उहाँहरूको नाम सुनेको म चाहन्छु ।"

**(३) परमेश्वरलाई आफैमा आकर्षित गर्न उहाँसँग बिन्ति गर्नुहास् :**

"मलाई पठाउनु हुने पिताले खिच्नु भएन भने कोही म कहाँ आउन सक्दैछ, र म त्यसलाई अन्तको दिनमा जीवित पार्ने छु ।" (यूहन्ना ६ : ४४)

प्रार्थना : पिता, यी मानिसहरूलाई आफैतिर खिच्नुहोस् ताकि उनीहरूले खीष्टको सुसमाचारलाई विश्वास गर्न सकुन् ।

**(४) पवित्र आत्मासँग अविश्वासीहरूको पाप, धार्मिकता र न्यायको बारेमा राम्रोसँग सजय हुन सकुन् भनी प्रार्थना गर्नुहोस् :**

"अनि जब उहाँ आउनु हुन्छ, उहाँले संसारलाई पनि पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ ।" (यूहन्ना १६ : ८)

प्रार्थना : प्रभु ! पापको खातिर मेरा मानिसहरूलाई दोषी ठहराउनु होस् धार्मिकता केवल येशू खीष्टबाट मात्र आउँछ भन्ने कुरा तिनीहरूले बुझ्न सकुन् ।

**(५) परमेश्वरलाई विश्वास नगर्नेहरूको दिमागलाई अन्धो पनि घुम्टो हराउन परमेश्वरले नै सहायता गर्नु भएको होस् भनी प्रार्थना गर्नुहोस् :**

"तिनीहरूका विषयमा भनौँ भने खीष्ट जो पमरेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखुन् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ ।" (२ कोरिन्थी ४ : ४)

प्रार्थना : पिता ! मेरा मानिसहरूको समझलाई अन्धो पार्ने घुम्टोलाई खोलिदिनुहोस्, तपाईंतिर ध्यान दिनको लागि तपाईंले नै आफ्नो काम गर्नुहोस् ।

**(६) तपाईंसँग किल्लाहरू भत्काउने शक्ति छ भन्ने कुरा थाह गर्नुहोस् :**

"किनकि हाम्रो युद्धका अस्त्रशस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नास

गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ ।" (२ कोरिन्थी १० : ४)

प्रार्थना : प्रभु ! म येशूको शक्तिशाली नाममा प्रार्थना गर्दछु कि मेरा मानिसको जीवनमा दुष्टका शक्तिहरू पूर्ण रूपमा नष्ट होऊन् ।

**(७) असल माटोको लागि परमेश्वरसँग प्रार्थना गर्नुहोस् :**

"तर असल जमिनमा छरिएको चाहिँ त्यो हो, जसले सुन्छ, र बुझ्दछ, र साँच्चै फल फलाउँछ । त्यसले छरेको बीउबाट सय गुणा, साठी गुणा र तीस गुणा फसल फलाउँदछ ।" (मत्ती १३ : २३)

प्रार्थना : पिता ! मेरा मानिसहरूले सुसमाचारलाई ग्रहण गर्न सकून् र तिनीहरूको हृदय कोमल बनाइदिनुहोस् र जसले गर्दा परमेश्वरको वचन तिनीहरूको हृदयमा पर्न सकोस् र उम्रन सक्नेछ ।

**(८) ईश्वरीय इच्छाको उपज खोज्नुहोस् :**

"मैले रोपें, अपोल्लोसले पानी हाले, तर परमेश्वरले नै बढाउनु भयो । यसकारण रोप्ने कोही होइन, न पानी हाल्ने कोही हो, तर परमेश्वर मात्र जसले वृद्धि दिनुहुन्छ ।" (१ कोरिन्थी ३ : ६ - ७)

प्रार्थना : पिता ! मैले कसरी प्रार्थना गर्नुपर्ने हो मलाई सिकाउनु होस् । मेरा मानिसहरूले आफ्नो भन्दा परमेश्वरको इच्छा थाहा पाउन सकून् । परमेश्वरको इच्छाको उपज थाहा पाउन हरेक मानिसले थाहा पाउन सकुन्, जुन परमेश्वरको इच्छा र उद्देश्य हो ।

**(९) शत्रुहरूको शक्तिमाथि परमेश्वरको विजय प्राप्त हुन सकोस् भनी प्रार्थना गर्नुहोस् :**

"तपाईं मेरा राजा र परमेश्वर हुनुहुन्छ, जसले याकूबलाई विजय प्रदान गर्नुहुन्छ । तपाईंद्वारै हामी आफ्ना विरोधीहरूलाई पछाडि धपाउँछौं । हाम्रा विरुद्धमा उठ्नेलाई हामी तपाईंकै नाउँले कुल्चदछौं । आफ्नो धनुमा म भरोसा गर्दिन । तर तपाईंले हामीलाई हाम्रा शत्रुहरूमाथि विजय दिनुहुन्छ, र हाम्रा विरोधीहरूलाई शर्ममा पार्नुहुन्छ । परमेश्वरमा नै हामी निरन्तर गर्व गर्छौं र सदा तपाईंकै नाउँको प्रशंसा गर्नेछौं । (भजनसंग्रह ५५ : ४ - ८)

प्रार्थना : पिता ! हामी तपाईंसँग प्रार्थना गर्दछौं कि मेरा मानिसहरूले तपाईंमा जीवन प्राप्न गर्न सकून् !

(Used by permission@2020 Harvest Prayer Ministries)

# म नै परमप्रभु हूँ
## I Am The Lord

March/April Issue 2020

- "म परमप्रभु हूँ, मेरो नाउँ त्यही हो, मेरो महिमा म अरूलाई दिने छैन, अथवा मेरो प्रशंसा मूर्तिहरूलाई दिने छैन ।" (यशैया ४२ : ८)
- "तर मैले भन्ने कुरा म, परमप्रभु आफैले नै भन्नेछु, र त्यो ढिलो नभई पूरा हुनेछ । किनकि हे बागी घरना, तिमीहरूका दिनमा नै मैले भनेको कुरा म पूरा गर्नेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ ।"(इजकिएल १२ : २५)
- " र उहाँले भन्नुभयो, तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरका कुरा ध्यानसित सुन्यौ, उहाँको दृष्टिमा जे ठिक छ सो गऱ्यौ र उहाँका आज्ञाहरूमा ध्यान लगायौ र उहाँका सबै विधिहरू मान्यौ भने, जुन रोगहरू मैले मिश्रीहरूमाथि ल्याएको थिएँ, ती मध्ये एउटै पनि तिमीहरूमाथि ल्याउने छैन, किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ ।" (प्रस्थान १५ : २६)
- "आफैलाई अर्पण गरेर पवित्र होओ । किनभने म परमप्रूभु तिमीहरूका परमेश्वर हुँ, तिमीहरूले मेरा विधिहरू पालन गर । तिमीहरूलाई पवित्र तुल्याउने परमप्रभु म नै हुँ । (लेवी २० : ७ - ८)
- "सबै मानव-जातिका परमेश्वर म हुँ । के कुनै कुरो मेरो निम्ति कठिन छ र ?" (यर्मिया ३२ : २७)
- "किनकी म परमप्रभु तेरा परमेश्वर हुँ, जसले समुद्रलाई घोल्छ र छालहरू गर्जन्छन् । उहाँको नाउँ सर्वशक्तिमान परमप्रभु हो ।" (यशैया ५१ : १५)
- "म परमप्रभु तिमीहरूका परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्यायो । तिमीहरूको मुख पुरा खोल, र म त्यो मरिदिनेछु ।" (भजनसग्रह ८१ : १०)
- "परमप्रभु यसो भन्नुहुन्छ- तेरा उद्धारक, जसले तपाईं गर्भमा रच्नुभयो : परमप्रभु हुँ जसले सारा थोकलाई बनायो, जसले एक्लै आकाशलाई फैलायो, जसले आफै पृथ्वीलाई फिजायो ।" (यशैया ४४ : २४)
- " म हो, म नै परमप्रभु हूँ, मबाहेक अरू कोही मुक्तिदाता छैन ।" (यशैया ४३ : ११)

- "हो, प्राचीन समयदेखि नै म उही हुँ, मेरो हातबाट कसैले छुटाउन सक्दैन । जब म काम गर्छु, त्यसलाई कसले उल्टाउन सक्छ ?" (यशैया ४३:१३)
- "अब हेर, म उही छु म बाहेक अरू कोही ईश्वर छैन । म नै मार्दछु र म नै जीवित पार्दछु । म नै चोट लाउछु र मनै निको पार्छु र कसैले मेरो हातबाट छुटाउन सक्दैन ।" (व्यवस्था ३२: ३९)
- "म परमप्रभु, तिमीहरूका परमपवित्र इस्राएलका सृष्टिकर्ता, तिमीहरूका राजा हुँ ।" (यशैया ४३ : १५)
- "इस्राएलका महाराज र उद्धारक र सर्वशक्तिमान परमप्रभु यसो भन्नुहुन्छः पहिलो र पछिल्लो म नै हुँ । म बाहेक अरू परमेश्वर छैन ।" (यशैया ४४:६)
- "यसैले नडरा, किनकि म तँसित छु । निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर हुँ । म तलाई बलियो पार्नेछु । म तँलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तँलाई समाल्नेछु ।" (यशैया ४१: १०)
- "किनकि परमप्रभु यसो भन्नुहुन्छ- "उहाँ, जसले आकाश सृष्टि गर्नुभयो, उहाँ नै परमेश्वर हुनुहुन्छ, जसले पृथ्वीको रूप रच्नुभयो र बनाउनुभयो, र त्यो बसाल्नुभयो । उहाँले त्यो खाली हुनलाई सृष्टि गर्नुभएन तर उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो उहाँ भन्नुहुन्छ : म परमप्रभु हुँ, म बाहेक अरू कोही छैन ।" (यशैया ४५:१८)
- "जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो र तिनलाई भन्नुभयो , म सर्वशक्तिमान् परमेश्वर हुँ । मेरो साम हिँड् र निर्दोष भएर बस् ।" - उत्पत्ति १७ : १)
- "तिमीहरूलाई सान्त्वना दिने म नै हुँ । मरणशील मानिसदेखि घाँसजस्तै ओइलाउने मानिसका सन्तानदेखि डराउने तँ को होस् ?" (यशैया ५१ : १२)
- "तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस् : म परमप्रभुलाई जान्दछु र चिन्दछु र उहाँ त्यही परमप्रभु हुनुहुन्छ जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ । किनभने यिनैमा म प्रसन्न हुन्छु, परमप्रभु भन्नुहुन्छ ।"
- "शान्त होओ र म परमेश्वर हुँ भनी जान, जातिजातिहरूमा म उचालिने छु, पृथ्वीमा म उचालिनेछु । " (भजनसंग्रह ४६ :१०)
- "म परमप्रभु कहिल्यै परिवर्तित हुदिनँ । यसैले हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ ।" (मलाकी ३: ६)

## प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- विश्वभर फैलिएको कोरोना (कोभिड १९) महामारीबाट संसारले चाँडै मुक्ति प्राप्त गरेको होस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

**विशेष धन्यवाद**

**पा. माधव पौडेल, रुची पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

## स्थानीय वितरक

**रमेश बिडारी तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, आशिष/एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, रुबी/अनिल, फ्लोरिडा, अमेरिका, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौँ ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :


## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल



प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त



G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442



**Published by: Gospel Revival Inc.**


**(all rights reserved)**


**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Mrs. Shanti Poudel**

**Editor: Mr. Nava Raj Panta**